स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



"छक्कापञ्जा ५" ले देशव्यापी प्रदर्शनको १७ दिनसम्म आक्रामक कमाइ गरेको छ । वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टका अनुसार फिल्मले तेस्रो शनिबारसम्म १८ करोड ५० लाख ग्रस कमाएको छ । फिल्मको कलेक्सनमा तेस्रो सप्ताहन्तमा गिरावट देखिएको छ । पछिल्लो शुक्रबार र शनिबार मात्र कमाइ ९० लाख रुपैयाँ रहेको वितरक मनोज राठीले बताए । "कलेक्सनमा गिरावट छ ।

**आजको विचार...**



इको...
(दुई पेजमा)

डा. जानुका खतिवडा

कुनै बेला बलिउडको छायाँमा परेको साउथ फिल्म यतिबेला हलिउडलाई समेत टक्कर दिने अवस्थामा पुगिसकेको छ। फिल्मको सफलता र मेकिङ्मा साउथभन्दा बलिउड धेरै पछाडि देखिन्छ। विशेषगरी एक्सन केन्द्रित साउथ फिल्मले जुन रुपमा सफलता पाइरहेका छन्, त्यहाँका स्टारहरु पनि उतिकै महंगा बनिरहेका छन्। उच्च पारिश्रमिक बुझ्नेमा साउथकै स्टारहरु अगाडि छन्। सुपरस्टार थलापति विजयले आफ्नो करिअरको अन्तिम फिल्म "थलापति ६९"का लागि २७५ करोड भारु पारिश्रमिक लिएर भारतकै सबैभन्दा महंगा अभिनेता बनेका थिए।



❒ वर्ष ३० ❒ अंक १०० ❒ २०८१ कार्तिक १३ गते मंगलबार 29 October 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा पाँच जनाको मृत्यु



(रासस/सिन्ह्वा)

**लेबनान,** १२ कात्तिक/लेबनानको टायर शहरको मध्य क्षेत्रमा सोमबार भएको इजरायली आक्रमणमा पाँच जनाको मृत्यु हुनुका साथै दश जना घाइते भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार भग्नावशेष हटाउने तथा पिडितको खोजी गर्ने काम जारी छ ।

उद्धारकर्ताले 'स्ट्रेचर' मा हाली घाइतेहरुलाई एम्बुलेन्समा लग्दै गरेको तथा घटनास्थलमा धुवाँको मुस्लोको वीच आगो निभाउन काम गरिरहेको एएफपीले देखाएको छ । युनेस्कोको विश्व सम्पदा स्थल भएको प्राचीन तटीय सहर, टायर गत हप्ता भएको इजरायली आक्रमणको सिकार भएको थियो । आक्रमणबाट टायरका मध्य भागहरू भग्नावशेषमा परिणत भएका छन् । गाजा युद्धलाई लिएर इरानसमर्थित समूहसँग सीमापार गोलीबारीको एक वर्षपछि इजरायलले गत महिना हिजबुल्लाहको गढमा हवाई आक्रमण बढाएको थियो भने लेबनानमा स्थलगत रुपमा सेना पठाएको थियो ।

# पालपामा ब्लड बैंक महाअभियान उत्साहजनक

## जुट्यो २ करोड ४७ लाख ७५ हजार

**रामचन्द्र रायमाझी/कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक १२/पाल्पामा ब्लड बैंक महाअभियान उत्साहजनक रुपमा अगाडि बढेको छ । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले रक्तसञ्चार सेवा केन्द्र स्थापनार्थ सञ्चालन गरेको 'हाम्रो ब्लड बैंक, हामी बनाउछौं' भन्ने महाअभियान उत्साहजनकरुपमा अगाडि बढेको हो ।

अभियानलाई सफल पार्न देश तथा विदेशमा रहेका नेपालीहरुले उत्साहजनक सहभागीता जनाएका छन् । रगत अभावमा छट्पटाई रहेका विरामी र घाइतेहरुको अवस्थालाई ध्यानमा राखी रेडक्रसले सञ्चालन गरेको यो महाअभियानमा सहयोग रकम जुट्ने क्रम जारी छ । रेडक्रसले २०८० चैतदेखि साझा अभियानका रुपमा अगाडि बढाएको यो महाअभियानमा जिल्लामा रहेका र जिल्ला भन्दा बाहिर रहेका पाल्पालीहरुले आर्थिक रकम सहयोग गरी साथ दिएका छन् । ब्लड बैंकका लागि हाल सम्म २ करोड ४७ लाख ७५ हजार रकम जुटेको छ । सरकार, विभिन्न संघ संस्था र व्यक्तिहरुबाट उक्त रकम जुटेको हो । व्लड बैकको स्थायी भवन निर्माणको



लागि शहरी विकास मन्त्रालयबाट १ करोड ५३ लाख र स्वास्थ्य मन्त्रालयबाट भवन तथा उपकरण खरिदको लागि ५० लाख बजेट विनियोजन भएको छ । यस्तै विभिन्न व्यक्ति तथा संघसंस्थाहरुबाट ४४ लाख ७५ हजार रकम जुटेको छ । रेडक्रसले सोमबार कार्यालयमा पत्रकार सम्मेलन गरी हालसम्म महाअभियानबाट प्राप्त उपलब्धीका बारेमा जानकारी गराउँदै उक्त रकम जुटेको जनाएको छ । शाखाका जिल्ला सभापति बाबुराम कार्कीले हालसम्म यशस्कर सदस्यबाट ६ र विशिष्ट सदस्यहरुबाट २२ लाख, स्मृतिकोषबाट ७ लाख, विभिन्न संघसंस्थाबाट ६ लाख ८० हजार, देशबाहिर काम गर्न गएका विभिन्न व्यक्तिहरुबाट ३ लाख ९५ हजार सहयोग रकम जुटेको बताए । ब्लड बैक सञ्चालनको लागि ५ करोड ७५ लाख बजेट आवश्यक पर्ने भएकाले अभियानमा जोडिन सभापति कार्कीले सबैमा अनुरोध समेत गरेका छन् ।

सरकारी तथा गैरसरकारी तवरबाट हालसम्म २ करोड ४७ लाख ७५ हजारको स्रोत सुनिश्चित भएकोमा अझै आधा भन्दा धेरै रकम संकलन गर्नुपर्ने भएकोले सबैपक्षबाट ब्लड बैक सञ्चालनको लागि सक्दो सहयोग गरिदिन उनले भनेका छन् । संस्थाले ३ करोड अक्षयकोषमा राखेर त्यसबाट आएको व्याजले कर्मचारी र प्रशासनिक खर्च चलाउने र बाँकी पौने ३ करोड भवन निर्माण र सामग्री खरिदमा खर्चिने योजना बनाएको छ ।

भवन निर्माणका लागि पाल्पा लायन्स क्लव अफ पाल्पाले भुसालडाँडा क्षेत्रमा नि:शुल्क जग्गा प्रदान गरेको छ ।

-बाँकी अन्तिम पेजमा...

# एमालेलाई गुरुङले दिएको जग्गामा कुनै संरचना नबनाउन सर्वोच्चको आदेश



**पाल्पा,** कार्तिक १२/नेकपा एमालेलाई व्यवसायी मीनबहादुर गुरूङले दिएको जग्गामा कुनै पनि संरचना नबनाउन सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश दिएको छ । उक्त विषयमा परेको रिटमा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

न्यायाधीश सुनिल कुमार पोखरेलको इजलासले रिटमाथि सुनुवाइ गर्दै अल्पकालीन अन्तरिम आदेश जारी गरी छलफलका लागि दुवै पक्षलाई बोलाएको छ । अधिवक्ता ज्ञानबहादुर बस्नेतले जग्गा दान र भवन निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दिएका थिए । भाटभटेनी सुपर मार्केटका सञ्चालक व्यवसायी गुरूङ र उनकी श्रीमती सावित्री गुरूङले काठमाडौंको कीर्तिपुर नगरपालिका- २ मैत्रीनगरमा एमालेका लागि पार्टी कार्यालयका लागि जग्गा दान गरेका थिए । गुरुङ दम्पत्तीले दान गरेको १० रोपनी १४ आना जग्गा असोज २५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेको केन्द्रीय कार्यालय भवनको शिलान्यास समेत गरिसकेका छन् ।

राज्यका निकायहरूबाट विभिन्न मुद्दामा दोषी ठहर भएका गुरूङसँग सत्तारुढ दलले जग्गा लिएकोमा विरोध भइरहेको छ । एमालेले भने सहयोग लिन कुनै बाधा नपर्ने भन्दै गुरूङकै बचाउ गर्दै आएको छ ।

# किसानलाई धान काट्ने चटारो, उत्पादन बढ्ने अपेक्षा

**दाङ,** कात्तिक १२/जिल्लाको दङ्गीशरण गाउँपालिका-३ का ६२ वर्षीय शोभा जैसी शुक्रबार बिहान ७ बजे धान काट्दै थिइन । उनले भनिन 'अहिले तिहार नजिकै भए पनि खेतमा धान पाकेर पहेँलै भएकाले बिहानदेखि बेलुकासम्म खेतमै हुने गरेका छौं ।' उनले थपिन, 'यस वर्ष समयमै वर्षा भएपछि रोपाइँ पनि समयमै गर्न पाइएको थियो । धानखेती राम्रो भएको छ, उत्पादन बढ्नेमा ढुक्क छौं । बाली भित्र्याउन नपाउँदै वर्षा भएमा ठूलो क्षति हुने डरले बिहानदेखि बेलुकासम्म धान काट्न व्यस्त छौं ।'

शोभा मात्र होइन अहिले जिल्लाका अधिकांश क्षेत्रका किसान बिहानदेखि बेलुकासम्म आफ्नो खेतमा लगाएको धान काट्न व्यस्त देखिन्छन् । दसैं अगावै यहाँका केही स्थानमा किसानले धान काट्न सुरु गरे पनि अहिले सबै ठाउँमा किसानलाई धान



काट्न चटारो परेको छ । बिहान ७ बजे नै खेतमा धान काट्न आउने गरेको र बेलुका ५ बजे मात्र घर फर्कने गरेको सोही गाउँकी सावित्रा भण्डारीले बताइन् ।

उनी भन्छिन्, 'मौसम परिवर्तन भएपछि पाकेको धान बिग्रिन्छ, त्यसैले अहिले तिहारको तयारी नगरेर धान काट्न व्यस्त छौं । विशेष गरेर दाङको देउखुरी क्षेत्रमा सिँचाइ सुविधा पुगेकाले त्यहाँ किसानले धान काटेर दाईंगरी रहेका छन् भने अन्य स्थानमा किसान धान काट्न व्यस्त छन् ।'

यसपाली धानखेतीका लागि आवश्यकपर्ने मलखादको समस्या नहुँदा र समयमै वर्षा पर्याप्त भएकाले उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको कृषि ज्ञान केन्द्र दाङका अर्थविज्ञ तथा सूचना अधिकारी पृथ्वीराज लामिछानेले बताए । केन्द्रका अनुसार यहाँका किसानले सावित्री, राधा-४, सुनौलो सुगन्ध, लोकतन्त्र, गोरखनाथ, लोकनाथ, युएस तीन सय १२, लगायत बर्णशङ्कर जातका धान लगाएका छन् ।

कम पानी हुने ठाउँमा सुक्खा १, सुक्खा २, सुक्खा ३ जातको धान लगाइएको छ । जिल्लाको ३९ हजार चारसय हेक्टरमा धानखेतीका लागि उपयुक्त भए पनि किसान केही जमिनमा बाह्रैमासे तरकारीखेती गर्ने गरेकाले जिल्लामा यस वर्ष ३७ हजार दुईसय २५ हेक्टर जमिनमा धान लगाइएको ज्ञान केन्द्रले जनाएको छ । गत वर्ष दाङमा ३५ हजार तीनसय २८ हेक्टर जमिनमा धान लगाइएकामा एक लाख ४४ हजार दुई सय ६४ मेट्रिकटन धान उत्पादन भएको कार्यालयले जनाएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# खबरदारी गरौं

यति बेला मुलुक कठिन मोडमा गुज्रिरहेको छ । राजनीतिक पार्टीहरु जुँगाको लडाइँमा व्यस्त छन् । तर जनता मौन छन् । जनताले जनयुद्धको अन्त्यपछि धेरै सपना मनमा सजाएका थिए । त्यस समयमा राजनीतिक पार्टीप्रति जनताको आस्था र भरोसा उच्च थियो । तर अहिले जनताको सपना भ्रुटा ठहरिएको छ । राजनीतिक दलहरु जनताको सेवामा भन्दा पनि सत्ता, शक्ति र भ्रष्टाचारमै केन्द्रीत बन्न पुगे । जसका कारण राजनीतिक दलहरुप्रति आमनागरिकमा वितृष्ण पैदा भएको छ । राजनीतिक नेतृत्व तहको जीवनस्तर सडकबाट महलधारी भएको जनताले प्रत्यक्ष र अप्रत्यक्ष देखेका र भोगेका छन् । फलत: राजनीतिको आडमा भ्रष्टाचार मौलायो । राजनीतिक दलहरु सत्ता बनाउने र भत्काउने खेलमै सिमित बन्न पुगे । भएको सरकार ढल्ने र नयाँ सरकार बन्ने विषाय केवल सत्ताका आसेपासे, त्यसबाट फाइदा लिन पाउने र नपाउने समूह, सम्बन्धित दलका राजनीतिक कार्यकर्ताको सरोकार मात्र बन्न पुगेको छ । राजनीति आमजनताको सरोकार हुनुपर्ने भनिए पनि राजनीतिक दलका नेता र कार्यकर्ताको क्रियाकलापले गर्दा आममानिसमा राजनीतिप्रति लगावको भावना बढेको देखिँदैन । जसलाई राजनीतिप्रति थोरबहुत चासो छ, तिनीहरु स्वयं वा तिनका व्यक्तिहरुको हितका प्रयोजनले गर्दा हो भन्नुलाई अतिशयोक्तिका रुपमा लिनु नपर्ला । राजनीतिप्रति वितृष्णा र अलगावको भावना उब्जनु देश र जनताको हितको सवालमा राम्रो होइन । तर यो नेपाली राजनीतिको तीतो यथार्थ बन्न पुगेको छ । यसमा तर्क गर्न सकिएला तर तथ्यलाई नजरअन्दाज भने पक्कै गर्न सकिन्न । देश आर्थिक रुपमा अत्यन्त संकट ग्रस्त अवस्थामा गुज्रिरहेको छ । कोभिडका कारण थला परेको व्यापार, व्यवसायीले अझै पनि गति लिन सकेको छैन् । रोजगारी नहुँदा लाखौ युवाहरु देश छोडेर बाहिर गएका छन् । प्राकृतिक विपद्मा परेकाहरुलाई सरकारले कुनै राहतका कार्यक्रम ल्याउन सकिरहेको छैन् । यस्तो अवस्थामा सरकारमा रहेका राजनीतिक दल र प्रतिपक्षमा रहेका दलहरु एक आपसमा आरोप प्रत्यारोपमै उत्रिएका छन् । यो आफैमा विडम्वनाको कुरा हो । अब जनता चुप लागेर बस्नु हुँदैन । सरकार र राजनीतिक दलप्रति खबरदारी गर्न आवश्यक छ । राजनीतिक दलहरुको अकर्मण्यता र स्वार्थको लडाइँले जनताले कदापी दु:ख पाउनु हुँदैन । यसका लागि जनस्तरबाटै खबरदारी गर्न जरुरी छ ।

## Opinion @ Social Network

जिन्दगिको सबै भन्दा प्यारो कुरा
छुटेको पात्र अनि बितेको समय ।।
(**विराट क्षेत्रीको फेसबुक स्टाटस** *https://www.facebook.com/xettri.birat*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इको-एन्जाइटी : जलवायु परिवर्तनको एउटा उपेक्षित मुद्दा



डा. जानुका खतिवडा

*जलवायु परिवर्तनको असर सामाजिक, आर्थिक, भौतिक, शारीरिक मात्र नभएर मानसिक पनि हुने कुरा सर्वविदितै छ । उदाहरणको लागि डिप्रेसन, आक्रामक र आत्महत्यामा वृद्धि हुनु आदि । तीमध्ये इको-एन्जाइटी अर्थात् पर्यावरण चिन्ता एक हो जुन धेरै मानिसमा हुने आकलन गरिएको छ । सन् २००८ देखि विकसित देशहरूमा जलवायु परिवर्तनको कारण उत्पन्न भएका मानसिक समस्याको बारेमा छलफल र अनुसन्धान सुरु भएको थियो । सन् २०२१ मा १० देशका १० हजार युवासँग गरेको सर्वेक्षणले लगभग ६० प्रतिशत युवा जलवायु परिवर्तनको बारेमा धेरै वा अत्यन्त चिन्तित भएको पत्ता लागेको थियो । यद्यपि नेपाल लगायत कतिपय देशहरूमा जलवायु परिवर्तनको कारण भएका मानसिक समस्याको बारेमा अध्ययन-अनुसन्धान भएका छैनन् । पर्यावरणीय चिन्ता भनेको जलवायु परिवर्तनका कारण उत्पन्न हुने मानसिक समस्या हो जसको कारण मानिसहरू आफ्नो भविष्यप्रति चिन्तित भइरहन्छन् ।*

जलवायु परिवर्तन अहिले विश्वको जल्दोबल्दो समस्या हो । यसबाट हामी लगायत हाम्रा भावी सन्तति पीडित हुने कुरा निश्चित छ ।

इको-एन्जाइटीलाई विभिन्न नामबाट सम्बोधन गरिए पनि यसको सार वातावरणीय परिवर्तनसँग सम्बन्धित मानसिक समस्या भनेर बुझ्दा अत्युक्ति नहोला । जलवायु परिवर्तनको बारेमा चिन्तित हुनु मनासिव हो भन्ने तर्क पनि भेटिन्छ । किनभने जब व्यक्ति जलवायु परिवर्तनको असर र यसले भविष्यमा निम्त्याउन सक्ने परिणामको बारेमा जागरुक हुन्छ र महसुस गर्छ तब मात्र यसको असर न्यूनीकरण गर्न प्रयास गर्न सक्छ । यस अर्थमा सबै व्यक्तिमा जलवायु परिवर्तनबारे ज्ञान र न्यूनीकरणको लागि सचेत हुनु आवश्यक छ ।

यद्यपि उक्त चिन्ता लामो समयसम्म रहनु र व्यक्तिको दैनिक जीवन र उसले गर्नुपर्ने क्रियाकलापमा वाधा उत्पन्न हुन्छ भने उक्त चिन्ता मानसिक समस्या बन्न जान्छ जसलाई इको-एन्जाइटी भनिन्छ । इको-एन्जाइटी विभिन्न उमेर, जातजाति, पेशा, समुदायमा भिन्न-भिन्न स्वरूपले देखिन सक्छ । जुन सामान्यदेखि जटिल पनि हुन सक्छ । जस्तै किसान अर्थात् कृषि पेशा गर्ने मानिसलाई समयमा पानी नपर्दा उत्पादन कम हुने डर, कहिलेकाहीं धेरै पानी परेर फसल नाश हुने डर त कहिलेकाहीं प्राकृतिक प्रकोपको कारण उब्जनीमा ह्रास हुने आदि । कलकारखानामा काम गर्नेको हकमा आफूले हरित ग्याँस उत्सर्जन गर्न सहयोग पुऱ्याएकोमा लज्जा, हीनताबोध र अपराधबोधको कारण मानसिक समस्या उत्पन्न हुनसक्छ । इको-एन्जाइटी आदिवासी र जनजातिमा धेरै संख्यामा हुने कुरा विभिन्न अध्ययन र अनुसन्धानले देखाएका छन् । जलवायुमा आएको परिवर्तनसँगै तापक्रममा वृद्धि, खडेरी, अतिवृष्टि, बाढी-पहिरो आदि प्रकोपहरू पनि बढ्ने हुनाले यसको प्रत्यक्ष र अप्रत्यक्ष असर सम्बन्धित सबै प्रजातिहरूमा पर्दछ । यस्ता प्रकोपबाट कृषिमा आधारित समुदायको जीवन र मानसिक स्वास्थ्यमा अन्य समुदायभन्दा बढी प्रतिकूल प्रभाव पर्न सक्छ । त्यसैगरी इको-एन्जाइटी युवा पिंढीमा अधिक मात्रामा देखिन सक्छ । किनकि स्वभावैले धैर्य र स्थिरता कम हुने उमेर समूहका युवा पुस्ताहरू इको-एन्जाइटीको कारण भविष्यप्रति अझ निराशावादी हुने, आफूले गर्न सक्ने र क्षमता अनुसारको क्रियाकलाप पनि नगर्ने, निष्क्रिय भएर बस्ने र आफू र आफ्नो परिवारको बारेमा अत्यधिक चिन्तित हुने आदि हुन सक्छ । जसले व्यक्ति, परिवार, समुदाय र सिंगो देशमा नै प्रतिकूल प्रभाव पार्ने देखिन्छ । यति मात्र नभएर अहिलेका युवा र भावी पिंढीहरूले आफ्ना पुर्खाहरूलाई अपमानजनक र खेदको दृष्टिकोणले हर्ने सम्भावना पनि प्रबल रहन्छ ।

क्रोध वा निराशा पैदा हुनु, जलवायु परिवर्तनलाई स्वीकार गरेर समयमा नै न्यूनीकरणको लागि पहल नगरेकोमा पुरानो पुस्ता प्रति विरोधाभासपूर्ण सोच बनाउनु, पृथ्वी र मानवको अस्तित्व प्रति संकोच प्रकट गर्नु यसका प्रमुख लक्षण हुन् । त्यस्तै आफ्नो कार्यबाट कार्बन उत्सर्जन भएकोमा ग्लानि र अपराधबोध गर्नु, जलवायु परिवर्तनका प्रभावहरू अनुभव गरेपछि तनाव पैदा हुनु, अवसाद र चिन्ताको भावना उत्पन्न हुनु जस्ता लक्षण पनि देखिन्छन् ।

त्यसैगरी, वातावरण वा वन्यजन्तुको आवादीको क्षतिमा शोक र उदासीन हुनु, जलवायु बारे निरन्तर नकारात्मक विचार मनमा आउनु लगायत इको-एन्जाइटीका प्रमुख लक्षण हुन् । साथै, व्यक्तिको दैनिक दिनचर्यामा पनि प्रभाव पर्ने जस्तै राम्रोसँग सुत्न नसक्नु, शारीरिक बिमारी हुनु र आफूले गरेको काममा ध्यान दिन नसक्नु आदि रहेका छन् । जसले गर्दा पारिवारिक सम्बन्ध बिग्रिंदै जाने सम्भावना पनि बढ्दै जान्छ ।

**इको-एन्जाइटी भएमा के गर्ने ?**

यदि आफू र परिवारका कुनै सदस्यलाई इको-एन्जाइटी भएको थाहा भएमा निम्नलिखित उपाय अपनाउन सकिन्छ :

- साना र व्यक्तिगत परिवर्तनहरू अवलम्बन गर्ने गराउने - जस्तै फोहोर घटाउने, पानीको संरक्षण गर्ने, नवीकरणीय ऊर्जाको प्रयोग गर्ने, विद्युतीय उपकरणको प्रयोग कम गर्ने आदि ।
- पर्यावरण अनुकूल जीवनशैली अपनाउनाले व्यक्तिको भावना र दृष्टिकोणमा परिवर्तन आउनुको साथै जलवायु-अनुकूल व्यवहारले अरूलाई पनि उत्प्रेरित गर्न मद्दत गर्छ ।
- आफ्नो व्यक्तिगत र पारिवारिक तवरमा हरित ग्याँस उत्सर्जन गणना गर्नाले यसको प्रभाव कम गर्ने तरिकाहरूबारे सचेत हुन मद्दत गर्छ ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने क्षेत्रमा काम गर्ने सामुदायिक संस्थाहरूसँग सम्पर्क गर्नाले जलवायु परिवर्तनलाई सम्बोधन गर्ने नीतिगत प्रयासहरूमा संलग्न हुन मद्दत गर्न सक्छ ।
- कुनै पनि घटनाप्रति अति संवेदनशील व्यक्ति भएको खण्डमा कुनै पनि जानकारी, तथ्य अथवा मिडिया प्रयोग गर्दा प्राकृतिक विपत्ति, दुर्घटना जस्ता सामग्रीहरू हेर्ने सुन्ने आदि कम गर्न सकिन्छ ।
- मानसिक स्वास्थ्यकर्मी वा परामर्शदातासँग सहयोग लिने या उपचारमा जाने, ध्यान गर्ने र प्रकृतिमा समय बिताउने आदि ।
- कहिलेकाहीं इको-एन्जाइटीलाई अवसरको रूपमा पनि प्रयोग गर्न सकिन्छ । जस्तै हरित नीति, दिगो विकास र जलवायु न्यायका लागि वकालत गर्न आफैं पहल गर्ने ।

जलवायु परिवर्तनको असर मानवीय चिन्तामा मात्र सीमित हुन्छ भन्ने चाहिं छैन । यसले डिप्रेसन लगायत अन्य जटिल मानसिक समस्या पनि निम्त्याउन सक्छ । त्यसैले अहिले बढ्दै गएका अन्य मानसिक समस्याका कारणमध्ये जलवायु परिवर्तन पनि एक हुने भएकोले सम्बन्धित निकायको ध्यान केन्द्रित हुनु पनि आवश्यक छ । पर्यावरणीय चिन्ता विकसित देशहरूको जनसंख्या वृद्धिदर घट्नुको अर्को कारण पनि बन्न सक्छ । जसरी अहिले ८ अर्ब जनसंख्यालाई पृथ्वीले धान्न मुस्किल परेको अवस्थामा सन् २१०० मा ११ अर्ब पुग्ने भनिएको जनसंख्यालाई धान्न अहिले भन्दा कैयौं गुणा बढी स्रोत र साधन चाहिने कुरा निश्चित छ । यो आकलनले अहिलेका युवा पुस्तामा सन्तान उत्पादनप्रति वितृष्णा जगाउनु पनि पर्यावरणीय चिन्ताको एउटा उदाहरण हुन सक्छ । पर्यावरणीय चिन्ता एक अप्राकृतिक संकटको लागि एक प्राकृतिक प्रतिक्रिया हो । जब हामी सामूहिक रूपमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न लागि पर्छौं, तब व्यक्तिगत इको-एन्जाइटी हुने सम्भावना पनि कम हुन्छ । यसका साथै नीतिनिर्माण तहमा पनि अबका पुस्ताहरूमा इको-एन्जाइटी जस्ता समस्या आउन नदिन र कम गर्न दूरदर्शी भएर सोच्नुपर्ने देखिन्छ । र, भएका समस्याहरूको रोकथामको लागि मानव संसाधन अर्थात् मनोविद् र परामर्शकर्ताहरू पनि तयार गर्नुपर्ने हुन्छ । ***-अनलाइनखबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कमको थालनी हुनेछ । सरकारी जागिरेले प्रशंसा पाउनेछन् । | **तुला** : परोपकारका क्षेत्रमा लगानीको समय छ । मान्यजनको सहयोग प्राप्त हुनेछ । |
| **वृष** : निर्णायक क्षमतामा कमी आउनेछ। विवाद र प्रतिस्पर्धाबाट लाभ हुने छैन । | **वृश्चिक** : धार्मिक कार्य सफल रहनेछन्। आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **मिथुन** : सफल यात्राको योग छ । श्रमको उचित मूल्यांकन हुनेछ । | **धनु** : क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। व्यवसायका क्षेत्रमा प्रगति होला । |
| **कर्कट** : राज्यबाट मान सम्मान पाइनेछ। दाम्पत्य जीवनमा मधुरता छाउनेछ । | **मकर** : कार्य सम्पादनमा समस्या आउला। स्वास्थ्य मापदण्ड पूरा गर्नु पर्छ । |
| **सिंह** : कामधन्दाबाट दीर्घकालिक फाइदा पुग्न सक्छ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** : नयाँ कमको अवसर फेला पर्ने छन् । सहयोगीहरूको साथ प्राप्त हुनेछ । |
| **कन्या** : सहयोगी र नातागोताको साथ पाइँदैन । स्वास्थ्यमा खर्च बढ्नसक्छ । | **मीन** : समयमा सही निर्णय लिन सकिनेछ । आँटेको कार्य अघि बढ्ला । |

# विज्ञान/सूचना प्रविधि

## सामसुङले ल्याउँदैछ ३ पटक फोल्ड गर्न मिल्ने स्मार्टफोन


सामसुङको फोल्ड गर्न मिल्ने स्मार्टफोन 'amsung Foldsf विभिन्न ह्याण्डसेट बजारमा उपलब्ध छ । अब चाहिँ कम्पनीले तीन पटक फोल्ड गर्न मिल्ने स्मार्टफोन अर्थात् Tri–fold स्मार्टफोन पनि ल्याउँदैछ । एन्ड्रोइड पुलिस पोर्टलका अनुसार सामसुङले आउँदो वर्ष सो स्मार्टफोन बजारमा ल्याउने योजना बनाएको छ । चिनियाँ कम्पनी हुवावेले एक महिनाअघि मात्रै विश्वमै पहिलोपटक ट्राइफोल्ड स्मार्टफोन हुवावे मेट एक्सटी लञ्च गरेको थियो । सामसुङले अब हुवावेको उक्त स्मार्टफोनसँग ट्राइफोल्ड स्मार्टफोनको बजारमा पनि प्रतिस्पर्धा गर्ने तयारी गरिरहेको छ । हुवावेले ट्राइफोल्ड स्मार्टफोन सार्वजनिक गरिसकेको भएपनि यो विश्व बजारमा हालसम्म उपलब्ध गराइनसकेको हुँदा बजारमा आउनेमा सामसुङकै फोन पहिलो हुनसक्ने सम्भावना पनि छ । कम्पनीले ट्राइफोल्ड स्मार्टफोनका लागि काम सुरु गरिसकेको छ । रिपोर्ट अनुसार सन् २०२५ मा सामसुंगको उक्त फोन लञ्च हुनेछ । कम्पनीको डिस्प्ले शाखाको तर्फबाट ट्राइफोल्ड स्क्रिनको विकासको काम भैसकेको छ । यद्यपि फोन लञ्च गर्न आधिकारिक मिति भने सार्वज्निक भएको छैन । हुवावेको मेट एक्स टी अलिहेको एक्लो ट्राइफोल्ड स्मार्टफोन भएता पनि यो चीन बाहिर उपलब्ध छैन । अमेरिकाले प्रतिबन्ध लगाएसँगै हुवावेले अन्तराष्ट्रिय बारमा नगन्य रुपमा




फ्लागसीप फोन लञ्च गर्ने गर्दछ । त्यसैले अर्को वर्ष सामसुङले ट्राइफोल्ड फोन लञ्च गर्दा त्यो नै विश्व बजारमा लञ्च हुने पहिलो ट्राइफोल्ड फोन बन्नेछ । स्मरण रहोस् हुवावे मेट एक्सटीमा ६.४ इन्चको ओएलइडी डिस्प्ले छ, जसलाई अनफोल्ड गर्दा १०.२ इन्चको बन्दछ । यसको स्क्रिन दुई ठाउँबाट फोल्ड गर्न सकिन्छ र स्क्रिन ३ पटक दोब्रिन्छ । हुवावे मेट एक्स टीमा ५० मेगापिक्सेलको मुख्य क्यामेराका साथै १२ मेगापिक्सेल अल्ट्रावाइड एंगलयुक्त सेकेन्डरी क्यामेरा पनि छ । तेस्रो क्यामेरा चाहिं १२ मेगापिक्सेलको टेलिफोटो लेन्सयुक्त क्यामरा छ । यो फोन ५६०० मिलि एम्पियर आवरको सिलिकन कार्बन ब्याट्री रहेको छ ।

*-अनलाइन खबर डटकम*

## एआई शैक्षिक कार्यक्रम सञ्चालन हुँदै




डिजिटल एण्ड विओण्डले नेपालका कक्षा कोठामा नयाँप्रविधि ल्याउन रास्पबेरी पाई फाउन्डेशनसँग सम्झौता गरेको छ। नेपालका शिक्षक तथा विद्यार्थीहरुलाई एआईका नवप्रवर्तकको अर्को पुस्ताको सिप सिकाउने उदेश्य अनुसार दुई कम्पनीबीच सम्झौता भएको हो । सम्झौता अनुसार नेपालका युवाहरुलाई भविष्यमा प्रविधि विशेषज्ञ बन्ने अवसर समेत प्रदान गरिने छ । जसका संयुक्त रुपमा एआई साक्षरतासम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने बताइएको छ । एक्सप्रेन्स एआई, रास्पबेरी पाई फाउन्डेशन गुगल डिपमाइन्टद्वारा संयुक्त रुपमा विकसित गरिएको कार्यक्रमले नेपालको सिप विकासमा ठूलो प्रभाव पार्ने छ । एआई साक्षरता कार्यक्रममाले ११ देखि १४ वर्ष उमेर समूहका विद्यार्थीलाई एआईको आधारभतू कुरा र एआई प्रणालीका आलोचनात्मक उपभोक्ता र जिम्मेवार सिर्जना कर्ता बन्न सहयोग पुग्ने विश्वास कम्पनीको छ । एआई साक्षरताले करिअरका विभिन्न अबसरहरु सिर्जना गर्नुको साथै चुनौतीहरुको सामना गर्न समेत सहयोग पुग्ने कार्यक्रममा सञ्चालकको दाबी छ ।

एक्सप्रेन्स एआई कस्तो कार्यक्रम हो ?
यो कार्यक्रममा गुगलद्वारा रास्पबेरी पाई फाउन्डेशनलाई एआई साक्षरता सम्बन्धी कक्षा सञ्चालन गर्न दिएको कोषबाट सञ्चालित विश्वव्यापी कार्यक्रम हो । यो कार्यक्रममा पठनपाठनका लागि रास्पबेरी पाई फाउन्डेशन र गुगल डिपमाइन्डले साझेदारीमा तयार गरेका हुन् ।

**एक्सप्रेन्स एआईले कसरी गर्छ काम ?**
यस कार्यक्रममा सहभागी हुन शिक्षकहरुलाई खुल्ला आब्हान गरिने छ । प्रथम चरणमा छानिएका शिक्षकहरुलाई सात घण्टे तालिम दिइने छ । शिक्षकको सिकाई अनुरुप यही कार्यक्रम विद्यार्थीसम्म लगिने छ ।

**एक्सप्रेन्स एआई कार्यक्रम कस्का लागि हो ?**
यो कार्यक्रम शिक्षक र ११ देखि १४ वर्ष उ मेर समूहका विद्यार्थीका लागि तयार गरिएको एआई साक्षरता कार्यक्रम हो ।

**कसरी सहभागी हुने ?**
यस कार्यक्रममा सहभागी हुने शिक्षकहरुलाई मंसिर पहिलो हप्ता अफिसियल लन्च कार्यक्रम मार्फत आब्हान गरिने छ । प्रत्येक कार्यक्रमका समाचारहरु संस्थाको बेवसाइट र फेसबुकमा राखिने छ । त्यसबाट पनि थप जानकारी लिन सकिने छ ।

*-इहिमालय टाइम्स डटकम*

## सूचना-प्रविधि दशक, उच्च शिक्षा र प्राविधिक जनशक्ति

**डा. बाबुराम दवाडी**



आधुनिक जीवनशैलीको महत्त्वपूर्ण आवश्यकता बनिसकेको छ, दूरसञ्चार र सूचना-प्रविधि । विकासको गति बढाउन र जीवनशैलीमा अपेक्षाकृत सुधार ल्याउन सूचना-प्रविधिलाई राज्यले अनिवार्य अपनाउनैपर्छ । १७औँ र १८औँ शताब्दीमा औद्योगिक क्रान्तिसँगै पश्चिमा मुलुकले आर्थिक प्रगतिका लागि सूचना-प्रविधि प्रयोगमा जोड दिए । आज ती मुलुक धेरै सम्भ्रान्त भएका छन् । नागरिकका लागि शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, बिजुली, सूचना-प्रविधि आदि आधारभूत सेवाको रूपमा स्थापित भइसकेका छन् । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सहितको सूचना प्रविधिलाई दुर्गम गाउँहरूसम्म पुऱ्याए मात्रै समग्रमा जनताको आर्थिक र सामाजिक स्तरमा प्रगति हुनेछ र 'डिजिटल डिभाइड'लाई क्रमश: घटाउँदै लान सकिनेछ । बजेट २०८१ को पाँच मुख्य आधारमा सूचना-प्रविधि क्षेत्र पनि प्राथमिकतामा परेको छ । यसै वर्षलाई प्रस्थान बिन्दु मान्दै बजेटमा सूचना-प्रविधि दशकको घोषणा गरिएको छ । योसँगै सूचना-प्रविधि क्षेत्र आगामी १० वर्षसम्म प्राथमिकतामा पर्नेछ, जसले ३० खर्बको सूचना-प्रविधि सेवा निर्यातसहित १५ लाखलाई रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ । यसरी बजेटमार्फत प्रक्षेपण गरिएका लक्ष्यले सूचना-प्रविधिको क्षेत्रमा अवसरको सिर्र्जना गरे पनि सो हासिल गर्न भने थुप्रै चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । प्राय: बजेटका नारा राम्रा हुने तर कतिपय घोषणा भाषणमै र बजेट पुस्तिकामै सीमित हुने गर्छन् । विनातयारी घोषणा गरिएको सूचना-प्रविधि दशकको नारा पनि बजेट पुस्तिकामै सीमित हुने हो कि भन्ने महसुस हुन थालेको छ । किनभने यस सम्बन्धमा लक्ष्य हासिल गर्न जुन तयारी र योजनासहित सरकार र सम्बन्धित निकाय लाग्नुपर्ने हो, सो देखिँदैन । कृत्रिम बौद्धिकता अर्थात् एआईको प्रयोगबाट सांसारिक जीवनचक्रमा देखिँदै गरेका अवसर र चुनौतीका बारेमा विश्वभरि चर्चा चलिरहेकै छन् । यद्यपि हामीकहाँ बजेट भाषणमार्फत घोषणा गरिएको सूचना-प्रविधि दशक र यसले प्रस्ताव गरेका महत्त्वाकांक्षी योजनाका बारेमा जति चर्चा हुनुपर्ने हो, त्यति भएको देखिँदैन । बरु एआई अवधारणापत्र, साइबर सुरक्षा नीति, मस्यौदा हुँदै गरेको एआई नीति आदिका बारेमा चर्चा र विश्लेषण हुन थालेका छन् । सूचना-प्रविधि दशकले परिकल्पना गरेका लक्ष्य हासिल गर्न के गर्नुपर्छ ? सोको गहिरो विश्लेषणसहित योजना बनाउन जरुरी छ । अहिलेको परिप्रेक्ष्यमा नेपालमा देखिएको सम्भावना भनेको गुणस्तरीय सफ्टवेयर निर्माण अनि निर्यात र देश-विदेशमा कम्प्युटिङ सेवाहरू प्रदान गर्नु हो । नेपालभित्र थुप्रै आउटसोर्सिङ कम्पनी र स्टार्टअपहरू खुलेका छन् तर राष्ट्रिय परिचयपत्र, पासपोर्ट, ड्राइभिङ लाइसेन्स, एमडीएमएस, बैंकिङ सफ्टवेयर लगायत नागरिक सेवामा सञ्चालित प्रणाली विदेशी सफ्टवेयरकै भरमा चलिरहेका छन् । पाँच वटाभन्दा बढी बैंकिङ प्रणालीमा स्थापित 'पुमोरी सफ्टवेयर' (नेपाली उत्पादन) आज तीनवटामा सीमित भएको छ । त्यस्तै, ड्राइभिङसम्बन्धी नेपाली एप 'टुटल' भन्दा पठाओ र इनड्राइभ हाबी हुनुलाई जल्दोबल्दो उदाहरणका रूपमा लिन सकिन्छ । सूचना र प्रविधिका परामर्श सेवामा विदेशी विज्ञले नै बढी स्थान पाइरहेका छन् । नेपालमा सूचना-प्रविधि क्षेत्र एकदमै 'भल्नेरेबल' छ । नेपालका विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङ लगायत सूचना-प्रविधि क्षेत्रमा उत्पादित जनशक्तिको गुणस्तर र दक्षतामा प्रश्न चिह्न खडा भएका छन् । मापदण्डै नपुगेका र विनालगानीमा खुलेका विश्वविद्यालय एकातिर छन्, साथै विनाशिक्षक दरबन्दी कार्यक्रम थप्ने होडबाजीमा लागेका पुराना विश्वविद्यालयका कारण आज दक्ष जनशक्तिको अभाव हुन गएको छ । भएको जनशक्ति पनि उच्च आकांक्षासहित विदेश पलायन हुन थालेका कारण नेपालमा सूचना-प्रविधि क्षेत्र फस्टाउन नसकेको सरोकारवालाले औँल्याइरहेका छन् । नेपालमा १२ भन्दा बढी विश्वविद्यालय छन्, जसले वार्षिक थुप्रै विद्यार्थी (लगभग २० हजारभन्दा बढी)लाई सूचना-प्रविधिका स्नातक कार्यक्रममा भर्ना लिने गर्छन् । भर्ना भएकामध्ये औसतमा वार्षिक ३० प्रतिशतको हाराहारीले उपाधि हासिल गर्छन् । १२ कक्षा उत्तीर्ण गरेपछि दक्ष र गुणस्तरीय शिक्षाको आशामा विद्यार्थी बिदेसिने दर पछिल्ला वर्षमा बढिरहेको छ भने देशभित्रै सञ्चालित पुराना विश्वविद्यालयलाई स्तरोन्नति गर्नुको सट्टा नयाँ विश्वविद्यालय खुल्ने होडबाजी पनि चलिरहेकै छ । नेपालका स्कुल तहमै अन्तर्राष्ट्रिय स्तरका पाठ्यक्रमसहित कम्प्युटर इन्जिनियरिङ कार्यक्रम सञ्चालनमा छन्, तर पूर्वाधार र दक्ष शिक्षकको अभावका कारण सीमित सहरमा मात्र उक्त कार्यक्रम सञ्चालित छन् । विनायोजना दूरदराजका स्कुलमा त्यस्ता प्राविधिक विषय सञ्चालनले थप अन्योलता सिर्जना गरेको छ । दक्ष शिक्षक समेत विदेश पलायन भइरहेका छन् । पुल्चोक क्याम्पसको इलेक्ट्रोनिक्स तथा कम्प्युटर इन्जिनियरिङ विभागकै उदाहरण लिन सकिन्छ । सो विभागमा स्नातक कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा वार्षिक ९६ जना भर्ना हुन्छन् भने स्नातकोत्तरको नलेज इन्जिनियरिङ, डाटा साइन्स र साइबर सेक्युरिटीमा वार्षिक ६४ जना भर्ना हुन्छन् । हाल यहाँ सूचना-प्रविधिमा जम्मा ५१२ विद्यार्थी अध्ययनरत छन् । अन्तर्राष्ट्रिय मान्यता अनुसार, प्रति १० विद्यार्थी बराबर १ शिक्षक हुने हो भने उक्त विभागमा कम्प्युटर इन्जिनियरिङ सम्बन्धी कार्यक्रम सञ्चालन र अनुसन्धान गर्न मात्रै कम्तीमा ५० जना शिक्षक (७ प्राध्यापक, १४ सहप्राध्यापक र २८ उपप्राध्यापक)को खाँचो पर्छ । हाल उक्त विभागको कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा एकजना प्राध्यापक, दुईजना सह-प्राध्यापक र चारजना उप-प्राध्यापक मात्र स्थायी दरबन्दीमा कार्यरत छन् । सीमित करार शिक्षकबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था छ । अन्य आंगिक क्याम्पसमा स्थायी उप-प्राध्यापक समेत पाउन गाह्रो छ । यसबाट सरकारी लगानीका अन्य विश्वविद्यालयको शिक्षक जनशक्तिको अवस्था सहजै आकलन गर्न सकिन्छ । यस्तो अवस्थाले शिक्षाको गुणस्तरमा सरोकारवालाले प्रशस्त प्रश्न उठाउने ठाउँ देखिन्छन् । शिक्षक-कर्मचारी जनशक्तिको यस्तो अवस्थामा पनि विश्वविद्यालय अनुदान आयोगले महत्त्वपूर्ण मापदण्डलाई बेवास्ता गर्दै कतिपय विश्वविद्यालय र क्याम्पसलाई गुणस्तर मान्यता दिनु आफैँमा अनौठो देखिन्छ । निजामती सेवामा प्राविधिक जनशक्तिको अभाव छ । यस कारण नागरिक सेवामा सञ्चालित स्वचालित प्रणाली सबै आयातीत मात्र छन् । सामान्य समस्या आउँदा समेत तुरुन्त समस्याको समाधान हुन सक्दैन । मन्त्रालय र विभागमा भिन्नाभिन्नै स्वचालित प्रणालीलाई एकीकृत तवर (अन्तर-आबद्धतासहित) ले सञ्चालन नगर्दा नागरिकले एकै खालको विवरण पटक-पटक भौतिक उपस्थित भई उपलब्ध गराउनुपर्ने बाध्यता छ । यस्तो अवस्थाको अनलाइन सेवाबाट नागरिकमा झन् वितृष्णा मात्र फैलिएको देखिन्छ । जबसम्म विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू लगायत राज्यका निकायले आफ्नै सूचना-प्रविधि सेवाको विकास गर्दैनन्, तबसम्म लक्ष्य अनुसारको सूचना-प्रविधि सेवा निर्यात सपना मात्र हुनेछ । विश्वविद्यालयले गर्ने अनुसन्धान तथा गुणस्तरीय शिक्षक जनशक्ति निर्माणमा राज्यले लगानी गर्नुपर्छ । अन्यथा सूचना-प्रविधि क्षेत्रबाट राज्यले ठुलो आशा राख्नुको कुनै अर्थ रहँदैन । विनालगानी प्रतिफलको आशा गर्न सकिँदैन । ज्ञानपार्क, डाटा सेन्टर, सूचना-प्रविधि हबजस्ता संरचना निर्माण गरेर मात्र हुँदैन, यसको सफल सञ्चालन र प्रतिफल निकाल्नका लागि प्रथम चरणमै दक्ष जनशक्तिको विकास जरुरी छ । भारत सरकारले शैक्षिक जनशक्ति निर्माणमा गरेको लगानी विश्वको एक अनुकरणीय उदाहरण बनेको छ । समग्रमा विश्व मानचित्रमा भारतले सूचना-प्रविधिसँगै आर्थिक समृद्धिमा उचाइ हासिल गरिसकेको छ । सूचना-प्रविधि दशकको घोषणालाई कागजमै सीमित नगरी साँच्चै लक्ष्य हासिल गर्ने गरी अघि बढ्ने हो भने सरकारले सञ्चार तथा सूचना-प्रविधि संयन्त्रको पुन: संरचनासहित विस्तृत योजना बनाई अघि बढ्नुपर्नेछ । उच्च शिक्षामा लगानीसहित शैक्षिक गुणस्तर कायम गर्न आवश्यकता अनुसारको दरबन्दी सिर्जना वा समायोजन गर्दै फास्ट-ट्र्याकबाट क्षमतावान् र अनुसन्धानमूलक प्राध्यापकको नियुक्ति गर्नुपर्नेछ । निजामतीमा प्राविधिक सेवालाई उच्च प्राथमिकतामा राख्दै प्राविधिक जनशक्तिको संख्या उल्लेख्य बढाई प्राविधिकलाई काममा उत्प्रेरित गर्नुपर्नेछ । शिक्षा र उद्योगबिचको खाडल कम गर्न कदम चाल्नुपर्नेछ । समयमै नीति-नियमको निर्माण, कार्यान्वयन, उचित नियमन र निजी क्षेत्र सञ्चालनमा सहजता प्रदान गर्नुपर्नेछ । छरपस्ट भई सञ्चालित सरकारी स्वचालित प्रणालीमा अन्तर-आबद्धता गरी एकीकृत सेवा उपलब्ध गराउनुपर्नेछ । स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्नेछ । एआई, ब्लकचेन, साइबर सुरक्षा, क्लाउड/एज कम्प्युटिङ, सफ्टवेयर डिफाइन्ड नेटवर्क, ५जी/६जी नेटवर्कजस्ता प्रविधि र आधुनिक संरचना सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भार गर्न सक्ने प्राविधिकको विकास गर्नुपर्नेछ ।

*-रातोपाटी डटकम*

# यमपञ्चक सुरु, आज धनतेरस




**पाल्पा,** कार्तिक १२/हिन्दू नेपालीको दोस्रो ठूलो चाड तिहारको यमपञ्चक आजबाट सुरु भएको छ । यद्यपि, आज काग तिहार भने होइन । काग तिहार भोलि परेको छ ।

आजबाट यमपञ्चक सुरु भएकाले बडा दसैंको लगत्तै आउने नेपालीहरूको अर्को महत्वपूर्ण चाड तिहार सबैको घरदैलोमा आइसकेको छ । यमपञ्चकको हरेक दिनको आ आफ्नै धार्मिक मान्यताहरू रहेका छन् । आज धन त्रयोदशी अर्थात् धनतेरस पनि हो । विशेष गरी दीपावलीको किनमेलको लागि आजको दिन निक्कै उत्तम मानिन्छ । यो दिन खरिद गरेका सामग्रीहरू राखेर लक्ष्मी पूजा गरेमा लक्ष्मी माता खुसी भई हामीलाई धनधान्यले सम्पन्न गराउने जनविश्वास छ ।

धन्तेरसको व्रत बसेर पवित्र मनले अनि शुद्ध चित्तले पूजा अर्चना गर्ने चलन छ । धन्तेरसको दिन कमलको पुष्पा सनमा बसेकी माता लक्ष्मीजी र गणेशजीको मूर्ति, तस्बिर घर भित्र्याउनु निकै फलदायी हुनेछ । यस दिन भाँडाकुँडा खरिद गर्दा जुनसुकै स्टिल, तामा, पित्तल आदिको भाँडा किने पनि एउटा कुनै न कुनै वस्तु चाँदीको खरिद गर्नु शुभ मानिन्छ । सम्भव भएसम्म सुन किन्नु अत्यन्त लाभदायी हुनेछ । धनतेरसको दिन किनेको सामान घरको पूर्व उत्तर दिशा (ईशान कोणमा) लगेर राख्नुपर्ने मान्यता छ । यसरी खरिद गरेको सामान अरूलाई उपहारको रूपमा दिनु राम्रो मानिँदैन । यसो गर्नाले कुबेरजी प्रसन्न भई घरमा विराजमान हुने विश्वास छ । धन्तेरसको दिन कौडी, कमल गट्टा तथा सिङ्गो धनियाँ किनेर घर भित्र्याउनु अत्यन्तै शुभ मानिन्छ र यसरी खरिद गरेको कौडी कमल गट्टा र सिङ्गो धनियाँ लक्ष्मी पूजामा सामेल गरी घरमा राख्नाले घरमा धनको कमी कहिल्यै नहुने र मानसिक शान्ति मिल्नेछ धार्मिक विश्वास छ । यस दिनबाट लक्ष्मी उत्सव सुरु हुने भएको हुनाले आज पनि लक्ष्मी माताको विशेष पूजा अर्चना गर्नु महत्वपूर्ण मानिन्छ ।

# पालपामा ब्लड बैंक...

...पाल्पाका ८ गाउँपालिकाले ५ लाखका दरले ४० लाख, २ वटा नगरपालिकाले १० लाखका दरले २० लाख अनुदान सहयोग गर्ने प्रतिवद्धता समेत जनाएको शाखाका निवर्तमान सभापति बुद्धि प्रसाद शर्माले बताए ।

उनले ब्लड बैंकलाई सहयोग गर्नु भनेको हरेक व्यक्तिको जीवन बचाउन गरिएको महापुण्य कार्य भएकाले सबैपक्षलाई सहयोगमा जोडिन आग्रह गरे । अभियानमा स्वदेश तथा विदेशमा रहेका पाल्पालीहरू तथा संघसंस्थाहरुले उल्लेखीय रुपमा साथ दिएको शाखाका उपसभापति भीमसेन कार्कीले बताए । उनका अनुसार पाल्पादेखि बाहिर रहेका पाल्पाली समाज पोखरा, पाल्पाली समाज काठमाडौं, लघुवा समाज काठमाडौं तथा विदेशमा रहेका पाल्पाली सेवा समाज कतार, पाल्पाली संगम अमेरीका, नमस्ते पाल्पा परिवार दक्षिण कोरियाहरुले आर्थिक सहयोग गरेका छन् ।

आफुहरु तानसेनमा छिट्टै ब्लड बैक सञ्चालनको तयारीमा जुटेको कार्यालयका मन्त्री केशवराज नेपालले बताए । उनका अनुसार अहिले ब्लड बैंक सञ्चालनको लागि आफ्नै कार्यालयमा ल्याव कक्ष निर्माण गरिएको र आवश्यक उपकरण खरिदको लागि प्रक्रिया अगाडि बढाइको छ ।

पाल्पामा हाल वार्षिक ४ हजार युनिट रगतको आवश्यकता पर्दछ । त्यसको परिपूर्तिको लागि २०८० चैतदेखी निरन्तर सहयोग अभियान सञ्चालन गर्दै आएको कार्यालयका अधिकृत विनोद भारतीले बताए । रक्तसञ्चार केन्द्र स्थापना भएपछी पाल्पाका ठूला अस्पतालहरुमा आवश्यक पर्ने रगत ब्लड बैंकबाटै उपलब्ध हुनेछ । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, उपाध्यक्ष भरत शर्मा, पूर्व अध्यक्ष गोविन्द भट्टराई, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, प्रेस चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्की लगायतका पत्रकारहरुले रेडक्रसले सञ्चालन गरेको महाअभियान उत्साहजनक रहेको भन्दै यसलाई निरन्तरता दिन आग्रह गरे ।

उनीहरुले अहिलेको नेतृत्वले अभियानमा सक्रियता देखाए पनि अब आउने नेतृत्वले कतै बिचमै अलपत्र पार्ने हो कि भन्ने कुरामा सर्तक रहन सुझाए । पत्रकारहरुले अहिलेकै नेतृत्वको कार्यकाल लम्ब्याएरै भए पनि ब्लड बैंक सञ्चालनमा ल्याउन जोड दिए । आगामी ३ महिना भित्र ब्लड बैक सञ्चालन गर्ने गरी तयारीका काम भईरहेकाले ढुक्क हुन अहिलेको नेतृत्वले आश्वस्त पारेको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

# मंगोलियासँग नेपाल पराजित



**काठमाडौं,** कार्तिक १२/समूहको अन्तिम खेलमा मंगोलियासँग पराजित भएपछि नेपाल एएफसी यु-१७ एसियन कप छनोटमा जितविहीन बनेको छ ।

यसअघि नै छनोटको समूह चरणबाटै बाहिरिसकेको नेपाल समूह एफको अन्तिम खेलमा मंगोलियासँग १-० ले पराजित भयो । चार टोली सम्मिलित समूहमा तीन खेल हार्दै नेपाल अंकविहीन रह्यो । दोहास्थित हमाद बिन खालिफा रंगशालामा भएको खेलमा मंगोलियाको ओक्हु सोहेलले ७८औं मिनेटमा निर्णायक गोल गरे । सुरुवाती दुवै खेल हारेका नेपाल र मंगोलियाको लागि यो खेल प्रतिष्ठाका लागि थियो । नेपाल यो खेल जित्दै सुखद अन्त्य गर्न चाहन्थ्यो । तर मंगोलियाले बाजी मा-यो । मंगोलियाले ३ अंक जोडेर छनोट यात्रा सकायो ।

समूह एफमा नेपाल यसअघि साविक विजेता जापानसँग ९-२ तथा घरेलु टोली कतारसँग ५-० ले पराजित भएको थियो । मंगोलिया पहिलो खेलमा कतारसँग २-० ले तथा जापानसँग ७-० ले पराजित भएको थियो । नेपालले छनोटमा तीन खेल खेल्दा सबै तीन खेलमा पराजित भयो । जसमा १५ गोल खाँदा २ गोल गर्न सफल भयो । यु-१७ एसियन कप छनोट प्रतियोगिता एएफसीका ४४ सदस्य राष्ट्रका युवा टोली सहभागी छन् । सहभागी ४४ टोलीलाई विभिन्न १० समूहमा विभाजन गरेर खेलाइएको छ । छनोट चरणका खेलपछि हरेक समूहको विजेता अर्को वर्ष साउदी अरेबियामा हुने एएफसी यु-१७ एसियन कपका लागि छनोट हुनेछ ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८१/०६/१० गते पाल्पाको रामपुरबाट तानसेनतर्फ जाने क्रममा रामपुर ४, पाल्पा बस्ने अशोक कुमार पोखरेलको निम्न विवरणका SLC र कक्षा 11/12 का सक्कल सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** अशोक कुमार पोखरेल
**ठेगाना :** रामपुर-४, पाल्पा
**SLC सि.नं. :** ०४५०३७९ 'जी'
**कक्षा ११/१२ सि.नं. :** १७५३१६, २१०९२२
**रजिष्ट्रेसन नम्बर :** ६३४७०५००२
**सम्पर्क नं. :** ९८६४४६८३६३

## अर्थ/कर्पोरेट समाचार

# सुनको भाउ तोलामा चार सयले घट्यो



**पाल्पा,** कार्तिक १२/नेपाली बजारमा सोमबार सुन-चाँदीको मूल्य घटेको छ । आइतबार प्रतितोला एक हजार चार सय रूपैयाँ बढेर नयाँ रेकर्ड बनाएको सुनको भाउ यसदिन प्रतितोला चार सय रूपैयाँ घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार छापावाल सुन प्रतितोला एक लाख ६७ हजार रूपैयाँमा कारोबार भइरहेको छ । आइतबार छापावाल सुन प्रतितोला एक लाख ६७ हजार चार सय रूपैयाँमा कारोबार भएको थियो । आइतबारको उक्त मूल्य हालसम्मकै उच्च हो । त्यसैगरी, सोमबार चाँदीको मूल्य पनि घटेको छ । आइतबार प्रतितोला दुई हजार ८५ रूपैयाँमा कारोबार भएको चाँदी सोमबार प्रतितोला दुई हजार ६५ रूपैयाँमा किनबेच भइरहेको छ । यो मूल्य अघिल्लो दिनको तुलनामा प्रतितोला २० रूपैयाँ घटेको हो । सोहिदिन अन्तर्राष्ट्रिय बजारमा भने सुन प्रतिऔंस २७ सय ३८ अमेरिकी डलरमा कारोबार भइरहेको छ । कारोबार भयो ।

सिईडीबी हाइडरोपावर डेभलपमेन्ट, नेपाल फाइनान्स र समृद्धि फाइनान्सले १८/१८ करोडको सेयर कारोबार गरे । कारोबारमा आएका स्टक्समध्ये ९१ वटाको मूल्य बढ्दा १ सय ४१ वटाको घट्यो । बाँकी ११ वटामो मूल्य भने स्थिर रह्यो । पाँचवटा समूहको उपसूचक बढ्दा ८ वटाको घट्यो ।

ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बचौं
खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न:
- सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं,
- भान्सामा सिलिन्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं,
- गुणस्तरयुक्त रेगुलेटर, पाईप र चुलो प्रयोग गरौं,
- समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं,
- ग्याँस सिलिण्डरको प्रयोग अवधी हेरेर मात्र खरिद गरौं,
- काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं,
- भान्साकोठाको झ्याल ढोका सधैं खुला राखौं,
- सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई